नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
# क्षेत्रीय शिक्षा निर्देशनालय
पश्चिमाञ्चल, पोखरा
*(शिक्षक व्यवस्थापन शाखा)*

फोन नं. : ०६१-४६५०९६
फ्याक्स नं. : ०६१-४६३१०४

पत्र संख्या : ०७२/७३
चलानी नं. : ५९८

मिति : - २०७२/१०/१९

**विषय** :- करार योग्यताक्रम सूचीका शिक्षकको नियुक्ति सम्बन्धमा ।

श्री जिल्ला शिक्षा कार्यालय
१६ वटै पश्चिमाञ्चल ।

प्रस्तुत विषयमा विगत वर्षहरुमा शिक्षक सेवा आयोगबाट जिल्लागत र विषयगत छुट्टाछुट्टै करार योग्यताक्रम सूची प्रकाशित हुने गरेकोमा गत आ.व. २०७१/०७२ को विज्ञापन क्षेत्रीयस्तरमा भएकोले करार योग्यताक्रम सूची पनि क्षेत्रीयस्तरको भएको व्यहोरा अवगतै होला ।

आ.व.२०७१/०७२ को शिक्षक सेवा आयोगको विज्ञापनबाट सिफारिश भएका माध्यमिक र निम्न माध्यमिक तहका शिक्षकको स्थायी नियुक्ति भएपछि रिक्त हुने स्वीकृत दरबन्दीको पदमा करारमा शिक्षक नियुक्ति गर्नुपर्दा शिक्षक सेवा आयोगबाट यस क्षेत्रका लागि प्रकाशित तहगत र विषयगत करार योग्यताक्रम सूचीमा रहेका उमेदवारलाई प्राथमिकताका साथ नियुक्ति गर्ने गराउने व्यवस्थाका लागि करार सूचीमा रहेका उमेदवारले रिक्त दरबन्दी भई विज्ञापन भएको विद्यालयमा आफ्नो प्रवेश-पत्रका साथ अन्य आवश्यक प्रमाणपत्रका प्रतिलिपिसहित निवेदन दिएमा करार योग्यताक्रम अनुसार क्रमश: अघिल्लो क्रमका उमेदवारलाई करार नियुक्ति गर्ने व्यवस्थाका लागि त्यस जिल्ला अन्तर्गतका विद्यालयहरुलाई परिपत्र गरी यस निर्देशनालयको समन्वयमा करार नियुक्ति प्रक्रिया गर्नु गराउनु हुन अनुरोध छ । साथै, त्यसरी करार नियुक्ति भएका शिक्षकहरुको विवरण यस निर्देशनालयमा अनिवार्यरुपमा पठाउनु हुन समेत जानकारी गराइन्छ ।

१०।१९
गंगाबहादुर गुरुङ्ग
उप-निर्देशक

बोधार्थ :
श्री शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर ।